नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्सः ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०७७/०७८

चलनी नं.:-

च.नं.:- 2586

मितिः २०७८/०३/०२

**विषयः-** **विद्युत प्रसारणको अनुमतिपत्र विना विद्युत आयोजनालाई केन्द्रीय विद्युत प्रसारण प्रणालीमा जडान नगर्ने सम्बन्धमा ।**

**श्री कार्यकारी निर्देशकज्यू,**
**नेपाल विद्युत प्राधिकरण,**
**दरवारमार्ग, काठमाण्डौ ।**

विद्युत ऐन २०४९ को दफा (३) बमोजिम अनुमतिपत्र नलिई कसैले पनि विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न नपाइने व्यवस्था विदितै छ । साथै सोही ऐनको दफा (४) मा विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्रको व्यवस्था गरिएको छ । विद्युतको सर्वेक्षण/उत्पादनको अनुमतिपत्र प्राप्त प्रबर्द्धकहरुले तहाँ सँग Grid Connection Agreement, Power Purchase Agreemet (PPA) गरी आयोजना निर्माण तथा व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट विद्युत आयोजनाहरु संचालन गर्दै आईरहेका छन् ।

यसरी विद्युतको अनुमतिपत्र प्राप्त प्रबर्द्धकले विद्युत प्रसारणको लागि विद्युत प्रसारणको सर्वेक्षण तथा विद्युत प्रसारणको अनुमतिपत्र अनिवार्य रुपमा लिनुपर्ने कानूनी व्यवथा हुँदा हुँदै पनि कतिपय प्रबर्द्धकहरुले विद्युत प्रसारणको अनुमतिपत्र (निर्माण) नलिई विद्युत प्रसारण लाईन निर्माण गरी आयोजनालाई केन्द्रीय विद्युत प्रसारण प्रणालीमा जोडी रहेको देखिएको छ । प्रबर्द्धकहरुले विद्युत प्रसारणको अनुमतिपत्र नलिई प्रसारण लाईन निर्माण गरेमा विद्युत ऐन २०४९ को दफा (३) को उल्लंघन भएको मानि सोही ऐनको दफा (३८) बमोजिम दण्ड हुने तथा विद्युत प्रसारण लाईनको निर्माण कार्य वन्द गर्न निर्देशन समेत दिन सकिने कानूनी ब्यबस्था भएको हुँदा विद्युत आयोजनको COD गर्नु पूर्व अनिवार्य रुपमा उक्त विद्युत आयोजनाको विद्युत प्रसारणको अनुमतिपत्र विद्युत ऐन २०४९ को दफा (४) तथा विद्युत नियमावली २०५० को नियम (१७) बमोजिम प्रबर्द्धकले लिएको सुनिश्चित गरी मात्र केन्द्रीय विद्युत प्रसारण प्रणालीमा जडान तथा संचालन गर्ने/गराउने व्यवस्था हुन विभागको मिति २०७८/०३/०२ को निर्णय अनुसार अनुरोध छ ।

(चिरंजीब झा)
सि.डि.ई

**बोधार्थ**

श्रीमान् सचिबज्यू, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार ।

श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग ।

श्री विद्युत व्यापार विभाग, नेपाल विद्युत प्राधिकरण, काठमाण्डौ ।